**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**माननीय न्यायाधीश श्री वमकुमार श्रेष्ठ**

**आदेश**

रिट नं. ०७७-WO-१११३

अधिवक्ता शैलेन्द्र प्रसाद अम्वेडकर समेत ------------------------------------------------ निवेदक

विरुद्ध

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौं समेत ७ ---------------------------------------- विपक्षी

**विषयः परमादेश समेत।**

निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शैलेन्द्र प्रसाद अम्वेडकर र विद्वान अधिवक्ता श्री मोहना अंसारीले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाण सहित म्याद सूचना तामेल भए पछी मिति २०७८।०२।०७ गतेभित्र प्रत्यर्थी नं. १,२,३ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. ४,५,६,७,८,९ले आआफ्नो मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नुहोला भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी रितपूर्वक तामेल गराई लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला।

निवेदकले अन्तरिम आदेश जारी गरी पाउँ भनी माग गरेको सम्बन्धमा विचार गर्दा, निवेदकबाट माग गरिएको विषय मानिसको जीवनसँग तत्काल प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले आवश्यक औषधी र अक्सिजनको आपूर्तीको समस्या, विरामीसँग प्रत्यक्ष सरोकार राख्ने अस्पतालमा नभै नहुने अत्यावश्यक जनशक्ती आपूर्तीको समस्या, संक्रमित व्यक्तिहरूको दिनदिनै बढ्दै गैरहेको संख्यालाई दृष्टिगत गरी उपचारबाट कसैले पनि विमुख हुन नपरोस भन्नाको लागि थप साधनयुक्त अस्पतालहरू संचालन गर्ने गराउनेतर्फ आवश्यक पहल गर्नुपर्ने समेतका समस्याहरूको समयमै आवश्यक संवोधन हुनुपर्ने अवस्था देखिएकोले आवश्यक पर्ने औषधी र अक्सिजनको आपूर्ति सहज बनाउनु, थप साधनयुक्त अस्पतालहरू संचालनमा ल्याउनु, साथै अस्पतालहरूमा विरामीहरूको चापलाई ख्याल गरी जनशक्तिको आपूर्ती तत्काल गर्नु र नागरिकको जीवनसँग प्रत्यक्ष सम्बन्ध र सरोकार राख्ने यी उल्लेखित कुराहरूको व्यवस्थापनको

लागि आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाको प्रतिनिधित्व समेत हुनेगरी एउटा कार्य समितिसमेत निर्माण गरी उल्लेखित समस्याको समाधान प्रभावकारी ढंगले गर्नु, गराउनु भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई तत्काल गराई विवादको विषयवस्तु र गाम्भिर्यता समेतलाई ध्यानमा राखी विवादको निरोपण यथासमयमा हुनुपर्ने भएकोले प्रस्तुत निवेदन मिति २०७८/०२/०९ गते नियमानुसार गरी पेस गर्नू।

न्यायाधीश

इति सम्वत् २०७८ साल वैशाख २८ गते रोज ३ शुभम् ----------------------------------